लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
सामाजिक विकास डिभिजन कार्यालय

☎ ०८६-४६०१४३
✉ sddo.pyuthan1@gmail.com
www.sddopyuthan.lumbini.gov.np

पत्र संख्या:- २०८२/०८३
चलानी नम्बर:- ४९०

**विद्यालय स्वास्थ्यकर्मी पदका लागि दरखास्त दिने सम्बन्धी सूचना।**
**(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८३/०२/०५ गते)**

प्रस्तुत विषयमा यस कार्यालयको आ. व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत **विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम विस्तार** कार्यक्रम संचालन गर्न यस कार्यालयको मिति २०८२/१२/ २७ गतेको प्रथम पटकको प्रकाशित सूचना अनुसार यस कार्यालयमा दरखास्त पेश गरेका उम्मेदवारहरु आवश्यक संख्या अनुसार अन्तर्वार्ता परीक्षामा उपस्थित नभई पद रिक्त हुन गएकोले तपसिल बमोजिमका विद्यालयमा स्वास्थ्यकर्मी आवश्यकता परेको हुँदा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा **विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम संचालन कार्यविधि, २०८२ को अनुसूची ३** बमोजिमको ढाँचामा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

**पद : विद्यालय स्वास्थ्यकर्मी**

| क्र. स. | विद्यालयको नाम | ठेगाना | आवश्यक संख्या |
|---|---|---|---|
| १ | श्री गोकुल मा. वि. | लुङ्ग्री गा.पा. २ रोल्पा | १ जना |

**दरखास्त दिने स्थान:** सामाजिक विकास डिभिजन कार्यालय विजुवार, प्यूठान।

**दरखास्त दिने अन्तिम मिति:** २०८३/०२/११ गते सम्म।

**दरखास्त फाराम:** यसै कार्यालयको वेबसाईट **Sddopyuthan.lumbini.gov.np** वाट डाउनलोड गर्न सकिनेछ।

**दरखास्त दस्तुर :** निःशुल्क

**न्यूनतम योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तिमा **HA/Staff Nurse** कोर्ष उत्तीर्ण गरेको, दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको र नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसुरदार नठहरिएको नेपाली नागरिक हुनु पर्नेछ।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजात:** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, समकक्षता प्रमाणपत्रको प्रतिलिपी ( आवश्यक पर्नेमा), चारित्रिक प्रमाणपत्रको प्रतिलिपी, सम्बन्धित परिषदको लाईसेन्सको प्रतिलिपी, स्थानीय तहमा बसोवास गरेको प्रमाण देखिने र खुल्ने कागजातहरु ( विवाह दर्ता, बसाईसराई), बसाईससराईको प्रमाणपत्र ( बसाईसराई भएको हकमा मात्र), रीत नपुगेको दरखास्त जुनसुकै समयमा रद्द गर्न सकिनेछ ।

**परीक्षाको किसिम र आधार:** आवश्यक न्यूनतम शैक्षिक योग्यता वापत २०अंक, अनुभव वापत ५अंक, भौगोलिक बसोबास वापत १०अंक र अन्तर्वार्ता वापत १५अंक हुनेछ। भौगोलिक बसोबास वापतको अंकको गणना नागरिकतामा उल्लेखित ठेगानाको आधारमा गरिने र यदि नागरिकताको ठेगाना र हाल बसोवासको ठेगाना फरक भएमा सम्बन्धित स्थानीय तहवाट जारी भएको बसाईसराईको कागजातको आधारमा भौगोलिक बसोबास वापतको अंकको गणना गरिनेछ। आवश्यक न्यूनतम शैक्षिक योग्यता, अनुभव र भौगोलिक बसोबास वापतको कुल प्राप्ताङ्कको आधारमा छोटो सूचीमा परेका उम्मेदवार मात्र अन्तर्वार्तामा सहभागी हुन पाउने छन्।

**सेवा सुविधा:** विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम संचालन कार्यविधि, २०८२ मा तोकिए बमोजिम हुनेछ।

**पदस्थापनको आधार:** अन्तिम नतिजामा प्राप्त योग्यताक्रमका आधारमा यसै सूचनामा तोकेको रिक्त विद्यालयमा पदस्थापन गरिनेछ।

राम करन पाल
नि. कार्यालय प्रमुख

अनुसूची ३

दरखास्त फाराम

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फारामको पर्ने गरी उम्मेदवारको दरखास्त

(क) व्यक्तिगत विवरण

| | | | |
|---|---|---|---|
| नाम,थर | देवनागरीमा : | | लिङ्ग : |
| | अंग्रेजी ठुलो अक्षरमा : | | |
| नागरिकता नं. : | | जारी गर्ने जिल्लाः | मिति : |
| स्थायी ठेगाना | (क) जिल्लाः | (ख) स्थानीय तहः | |
| | (ग) वडा नं. | (घ) टोलः | (ङ) मार्ग/घर नं. |
| पत्राचार गर्ने ठेगानाः | | इमेल : | |
| उम्मेदवारको जन्म मिति : (वि.सं. मा)(ई.स्वि. संवतमा) | | | |
| हालको उमेर : | | मो.नं. | |
| बाबुको नाम, थरः | | | |
| आमाको नाम,थर | | | |
| बाजेको नाम, थर : | | | |

(ख) शैक्षिक योग्यता र तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता र तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्व विद्यालय र वोर्ड तालिम दिने संस्था | शैक्षिक उपाधि र तालिम | संकाय | श्रेणी/ प्रतिशत | मुख्य विपयहरु |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| तालिम | | | | | |

(ग) प्राथमिकताको आधारमा काम गर्न चाहेको ३ वटा विद्यालयहरुको नाम

| क.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| | | |
| | | |
| | | |

मैले यस दरखास्तमा खुलाएको सम्पूर्ण विवरणहरु सत्य छन्। दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला । उम्मेदवारले पालना गर्ने भनि प्रचलित कानुन तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लिखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर छु । साथै करारमा उल्लिखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समय भन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा एक महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप: | | उम्मेदारको दस्तखत: |
|---|---|---|
| दायाँ | बायाँ | मिति : |
| कार्यालयले भर्ने: | | |
| रसिद/भौचर नं.: | | रोल नं.: |
| दरखास्त अस्वीकृत भए सो को कारण | | |
| दरखास्त रुजु गर्नेको दस्तखत:<br>नाम:<br>मिति : | दरखास्त स्वीकृत/ अस्वीकृत गर्नेको दस्तखत | |

नोट: दरखास्त साथ सूचनामा उल्लिखित लगायत निम्न लिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नुपर्ने ।

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
२. समकक्षता र सम्बद्धता आवश्यक पर्नेमा सो को प्रतिलिपी,
३. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
४. चारित्रिक प्रमाणपत्रको प्रतिलिपी,
५. सम्बन्धित परिषदको लाईसेन्सको प्रतिलिपि,
६. सम्बन्धित स्थानीय तहमा बसोबास गरेको प्रमाण देखिने कागजातहरु जस्तै विवाह दर्ता, बसाइसराइ आदी ।